# अनुदानमा संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

## प्रस्तावना

मुलुकको अर्थतन्त्रमा महत्वपुर्ण स्थान ओगटेको कृषि व्यवसायलाई व्यवस्थित,मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ,स्वस्थ्य एवं गुणस्तरिय कृषि जन्य उत्पादनहरू आम उपभोक्ता समक्ष सहज रूपमा पुग्न सक्ने वातावरण श्रृजनाकालागी गाउपालिका स्तरबाट संचालन हुने कृषकलाई लक्षित गरी अनुदानमा संचालन हुने कार्यक्रममा एकरूपता कायम राखी संचालन हुन सकोस भन्ने अभिप्रायले सियारी गाउपालिकाले "स्थानिय सरकार संचालन ऐन २०७४" को दफा ११, खण्ड ण संग सम्वन्धित कार्यको लागी सोही ऐनको दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम अनुदानमा संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" हुनेछ ।

ख) यो कार्यविधि सियारी गाउकार्यपालिका बाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

### २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलगाएमा यस कार्यविधिमा

क) **"गाउपालिका"** भन्नाले सियारी गाउपालिकालाई सम्झनु पर्दछ ।

ख) **"सम्वन्धित कार्यालय"** भन्नाले सियारी गाउपालिका कृषि विकास शाखालाई सम्झनु पर्दछ र सो शब्दले गाउपालिका अन्तर्गत वडामा रहेका कृषि सेवा केन्द्र समेतलाई जनाउदछ ।

ग) **"साझेदार"** भन्नाले अनुदानमा लागत सहभागितामा संचालन गर्नका लागि ईच्छुक सहकारी संघ संस्था कृषि फर्म र निजी कृषकलाइ समेत जनाउदछ ।

घ) **"साझेदारी"** भन्नाले अनुदानमा कार्यक्रम संचालनका लागि दुई वा दुई भन्दा बढि सरकारी निकायहरू वा सहकारी एवं गैरसरकारी क्षेत्र विच द्विपक्षिय/बहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई समेत जनाउदछ ।

ङ) **"गैर सरकारी क्षेत्र"** भन्नाले नेपाल सरकारको सम्वन्धित निकायमा कानून बमोजिम दर्ता भएको कृषक समुह/समिती,सहकारी संस्था,सामुदायिक संस्था,व्यवसायिक संगठन,फर्म,कम्पनी एवं निजी उद्दमी समेतलाई जनाउदछ ।

च) **"द्विपक्षिय/बहुपक्षिय सम्झौता"** भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरूका विच अनुदानमा संचालन हुने कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

छ) "सिचाइ मोटर" भन्नाले खेतीपाती कार्यमा सिचाइको लागि प्रयोग गरिने विद्युतिय मोटरलाई सम्झनु पर्दछ ।

ज) "पम्पसेट" भन्नाले सिचाइ कार्यको लागि प्रयोग गरिने मेसिनलाई सम्झनु पर्दछ ।

झ) "स्यालो ट्युवेल" भन्नाले जमीन मुनिवाट पानी निकाल्नको लागि गाड्ने पाइप तथा त्यस सम्वन्धी जडान गर्ने उपकरणलाई सम्झनु पर्दछ ।

ञ) " स्प्रेयर वा पावर स्प्रे मेशिन" भन्नाले वाली विरूवालाइ रोग किरावाट जोगाउन विषादी तथा शुक्ष्म तत्व छर्ने मेसिनलाई सम्झनु पर्दछ ।

ट) "मिनिटिलर तथा हैण्ड टेक्टर" भन्नाले जमिन जोत्नको लागि प्रयोग गर्ने सानो टेक्टर मेसिन सम्झनु पर्दछ ।

ठ) " थ्रेसर" भन्नाले धान गहुँ तोरी मकै आदी वाली हर्भेष्टको लागि प्रयोग गरिने मेसिन सम्झनु पर्दछ

ड) "रोटावेटर" भन्नाले जोताइ कार्यमा प्रयोग गर्नको लागि टेक्टरमा जडान गर्ने उपकरणलाई सम्झनु पर्छ ।

ढ)"लेवलर " भन्नाले जमीन सम्मयाउने मेशिनलाई सम्झनु पर्छ ।

ण) "मौरी पालन " भन्नाले मह उत्पादन गर्न मौरी तथा उत्पादन समाग्रीहरूलाई सम्झनु पर्छ ।

त) "विउविजन" भन्नाले खेतीपातीको लागि प्रयोग हुने धान, गहुँ, मकै, तोरी, सुर्यमुखी, च्याउ, तरकारी , मसला वालीको वीउ समेतलाई सम्झनु पर्दछ ।

थ) "वेर्ना" भन्नाले विभिन्न जातको फलफूलको विरूवालाई सम्झनु पर्छ ।

द) "विषादी" भन्नाले वालीनालीलाई रोगकिरावाट संरक्षण गर्नको लागि रसायनिक तथा जैविक विषादीलाइ सम्झनु पर्छ

ध) "शूक्ष्म तत्व" भन्नाले वोटविरूवालाई आवश्यक पर्ने सहायक तत्वहरूलाई सम्झनु पर्छ ।

न) "प्लास्टिक घर" भन्नाले मौसमी तथा वेमौसमी तरकारी खेती गर्नको लागि प्रयोग गर्ने प्लास्टिक घरलाई सम्झनु पर्छ ।

प) "डेलेभरी पाइप " भन्नाले सिचाइ कार्यमा प्रयोग हुने प्लास्टिकको पाइपलाई सम्झनु पर्छ ।

३. उद्देश्य क) अनुदानमा संचालन हुने कार्यक्रमहरू निश्चित विधि र प्रकृया अन्तर्गत एकरूपता कायम राखी संचालन गर्ने

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

ख) स्वच्छ,स्वस्थ एवं गुणस्तरिय कृषि जन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र विक्री वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाउ पुंयाउने ।

परिच्छेद २

४) साझेदारी सम्वन्धि व्यवस्था :

क) सम्वन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बजेट बमोजिम मिम्न बमोजिमका कार्यक्रमहरू संचालन गर्नका लागी साझेदारी गर्न र गराउन सक्नेछ ।

| क्र.सं. | कार्यक्रम | सम्भावित साझेदारहरू | अनुदान प्रतिशत | क्षेत्रफल/संख्या |
|---|---|---|---|---|
| १ | सिचाइ मोटर, पंम्पसेट,स्यालो, टियूवेल थ्रेसर, स्प्रेयर मेशिन, मिनिटिलर, हैण्ड टेक्टर ,रोटावेटर, लेवलर खरिद | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | ५० प्रतिशत वा आ.वि स.को निर्णय | कम्तीमा १० कट्ठा |
| २ | धान, मकै, गहुं तोरी, आलु, च्याउ, तरकारी, मसला, वीउ खरिद | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | ५० प्रतिशत वा आ.वि स.को निर्णय | संलग्न कृषक सबै |
| ३ | मौरी घार समाग्री सहित खरिद | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | ५० प्रतिशत वा आ.वि स.को निर्णय | वढीमा १० घार |
| ४ | विषादी शुक्ष्म तत्व खरिद | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | १०० प्रतिशत वा आ.वि स.को निर्णय | खेती गरेको कृषक सबै |
| ५ | प्लास्टिक घर निर्माण | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | ५० प्रतिशत वा आ.वि स.को निर्णय | वढीमा १ कट्ठा |
| ६ | डेलेभरी पाइप खरिद | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | ५० प्रतिशत वा आ.वि, स.को निर्णय | कम्तीमा ५ कट्ठा |
| ७ | तरकारी वीउको मिनीकिट | व्यवसायिक कृषक, कृषक समुह, समिति, सहकारी निजि कृषकहरू | १०० प्रतिशत वा आ.वि स.को निर्णय | सवै कृषक |
| | | | | |

ख) अनुदान कार्यक्रम अन्तर्गत प्रस्ताव छनौट गर्दा विगत २ वर्ष भित्र अनुदान लिइसकेको साझेदारलाई उहि कार्यक्रमका लागी पुन: छनौट गरिने छैन ।

ग) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदानको रकम दुरूपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई कालो सुचीमा राखी कार्यवाहीको दायरामा ल्याईने छ र सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिने छ ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

## परिच्छेद ३

**५. प्रस्ताव आव्हान र पेश गर्ने विधि :**

क) सम्वन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी अनुदानमा संचालन हुने कार्यक्रम संचालनको लागी अनुसुची १ बमोजिम सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गर्नेछ ।

ख) इच्छुक साझेदारहरूले सुचनामा उल्लेख भए बमोजिमको अवधि भित्र माग भएको कागजात सहित आवेदन दिनु पर्ने छ ।

ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश गरिने छैन ।

घ) म्याद थप सम्वन्धि व्यवस्था : सम्वन्धित साझेदारी कार्यक्रमको लागी दर्ता हुन आएका प्रस्तावहरू देहायको समयमा कुनै पनि कारणवश वार्षिक लक्ष्य पुग्ने गरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

**६. प्रस्ताव छनौट :**

क) सम्बन्धित कार्यालयले बुदा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरू छनौट गर्नका लागी निम्न बमोजिमको प्रस्ताव छनौट समिती गठन गर्नेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत पदाधिकारी | संयोजक |
| योजनाको काम हेर्ने पदाधिकारी | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य |

नोट : सम्वन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयको एक जना सदस्य थप मनोयन गर्न सक्नेछ ।

ख) प्रस्ताव छनौट समितीले अनुसुची ६ बमोजिमको निर्धारित मापदण्डका आधारमा प्रस्तावहरूको मूल्यांकन र प्राथमिकताक्रम निर्धारण गर्नेछ ।

ग) यसरी प्राथमिकताक्रम निर्धारण गर्दा बढि अङ्क प्राप्त गरी अग्रणी स्थान हासिल गर्न सफल प्रस्तावहरू दफा ६ (क) बमोजिमको प्रस्ताव छनौट समितीका पदाधिकारी वा सम्वन्धित कार्यालय प्रमुखले गठन गरेको कृषि शाखा मातहतका अन्य प्राविधिकहरूको कम्तिमा २ सदस्यीय टोलीले अनुसुची ७ बमोजिम स्थलगत प्रमाणिकरण र मुल्यांकन गर्ने छ ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

घ) दफा ६ ख र ग बमोजिमको मुल्यांकनमा आवेदकले प्राप्त गरेको औषत अंकका आधारमा साझेदारीका लागी उपयुक्त ठहरेका आवेदकहरूको सुची तयार गरी प्रस्ताव छनौट समितीले अनुमोदनका लागि सम्वन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

ङ) यसरी प्रस्ताव छनौट समितीले सिफारीस गरी अनुमोदनका लागी पेश भएका प्रस्तावहरू अनुसुची ८ बमोजिमको गाउपालिका कृषि विकास शाखा कार्यदलको बैठकले आवश्यक जाचबुझ गरी उपयुक्त प्रस्तावहरूको अनुमोदन गर्नेछ ।

च) यसरी छनौट र अनुमोदन हुन सफल भएका आवेदकलाई सुचना प्रकाशन गरी फोन बाट समेत जानकारी गराई १५ दिन भित्र द्विपक्षिय सम्झौताको लागी बोलाइने छ । तोकिएको अवधिभित्र द्विपक्षिय सम्झौता हुन नसकेको सन्दर्भमा वैकल्पिक प्रस्तावकलाई ७ दिनको म्याद दिई द्विपक्षिय सम्झौताका लागी बोलाईने छ ।

७) द्विपक्षिय सम्झौता :

क) सम्वन्धित कार्यालयले दफा ६ बमोजिम छनौट भएका आवेदकहरू संग कार्यक्रम संचालन गर्नका लागी अनुसुची ८ बमोजिमको द्विपक्षिय सम्झौता गर्नेछ ।

ख) द्विपक्षिय सम्झौतामा उल्लेखित बुदाहरूलाई साझेदारी कार्यक्रम संचालनको मुल आधार मानिनेछ ।

८. भुक्तानी प्रक्रिया

क) सम्वन्धित कार्यालयले साझेदारसंग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधिबाट भुक्तानी गरिन्छ भन्नेकुरा स्पस्ट खुलाउनु पर्नेछ ।

ख) अनुदान रकम को भुक्तानी कार्य सम्पन्न भंए पश्चात एकमुष्ठ रूपमा बैंकखाता मार्फत गरिनेछ ।

ग) सम्वन्धित साझेदारले शुरूमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी विल सहित भुक्तानीको लागी अनुरोध गरे पश्चात सम्वन्धित कार्यालयले स्थलगत निरिक्षण गरी मनासिव ठहरेमा भुक्तानी दिनेछ ।

९. विविध

क) यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रम कार्यान्वयन का दौरान कुनै भ्रम वा विवाद श्रृजना भए गाउकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

ख) सम्वन्धित साझेदारले गाउपालिका मातहतबाट हुने अनुगमन,निरीक्षण,तालिम र अवलोकन भ्रमणमा पूर्ण सहयोग गर्नुपर्नेछ ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

ग) कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. आर्थिक पक्ष

कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

११. संशोधन तथा खारेजी

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पस्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूची १

दफा ५, खण्ड (क) सँग सम्बन्धित

प्रस्ताव आव्हानको सूचना

सियारी गाउपालिका

गाउकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

हर्नैया,रुपन्देही

**प्रस्ताव आव्हनको सूचना**

प्रथम पटक प्रकाशित मिति २०.../.../...

यस गाउपालिकाको आ.व.२०.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसारका .... प्रतिसत अनुदानमा संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८..... बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक सहकारी संस्था, व्यावसायीक संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक,कृषक समुह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रमहरु | संख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**प्रस्ताव-पत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरु :**

१. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

२. अनुसुची २ बमोजिमको संक्षिप्त व्यावसायिक कार्ययोजना

३. सम्वन्धित वडाकार्यालयको सिफारिस ।

४. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि ।

५. सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/कृषक समुह/समितिको हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायि लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्यसमितिको निर्णय ।

६. प्रस्तावकको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।

दफा ५, खण्ड (ख) सँग सम्वन्धित

सियारी गाउपालिका

गाउकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

हर्नैया,रुपन्देही

५० प्रतिशत अनुदानमा संचालनहुने मासु पसल सुधार कार्यक्रम अवधारणाको संक्षिप्त व्यवसायिक कार्य योजना

युवा साझेदारी व्यवसायिक फर्मको नाम: सम्पर्क नं.

ठेगाना: गाउ/टोल: गा.पा./न.पा. जिल्ला: रूपन्देही

मासु पसल रहेको स्थान:

युवा साझेदारले संचालन गर्ने कार्य विवरण:

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग रू. | निजी लगानी रू. | जम्मा लगानी रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

युवा साझेदारले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्ने छ ।

मासु पसलको प्रकार :

थानेश्वर घिमिरे

गाउँपालिका अध्यक्ष

दैनिक कारोबार :

व्यवसायको लागी श्रमको व्यवस्थापन: क) पारिवारिक: महिला संख्या...... पुरूष संख्या.....
ख) बाहिरबाट: महिला संख्या...... पुरूष संख्या.....
ग) जम्मा: महिला संख्या पुरूष संख्या

अपेक्षित बार्षिक प्रतिफल:

युवा/साझेदारी व्यवसायी संचालकको तर्फबाट सही गर्नेको:

नाम : संस्थाको छाप :

दस्तखत : मिति :

## अनुसुची ३

दफा ५ खण्ड ख संग सम्वन्धित

### लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र

श्री सियारी गाउपालिका,कृषि विकास शाखा को मिति २०...।.. ।.. मा प्रकाशित सूचना अनुसार सियारी गाउपालिका वार्ड नं........................गांउ/टोल बस्ने श्री .................................... ले लागत साझेदारीमा.................................... कार्यक्रम संचालनका लागी पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................. को ....... प्रतिशतले हुन आउने रु ................ अक्षेरुपी

........................... वरावरको लगानी आफ्नो आन्तरिक श्रोतबाट वेहोरी कार्यकम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत :

नाम :

मिति

## अनुसुची ४

दफा ५ खण्ड ख संग सम्वन्धित

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

## सिफारिस पत्र

श्री सियारी गाउपालिका,कृषि विकास शाखाको मिति २०....।....।... मा प्रकाशित सूचना अनुसार सियारी गाउपालिका वार्ड नं. ................ गांउ/टोल बस्ने श्री .................................... ले लागत

साझेदारीमा .................................... कार्यक्रम संचालनका लागी पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम संचालनका लागी उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारीस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखत :

नाम :

मिति

## अनुसुची ५

दफा ५ खण्ड ख संग सम्बन्धित

### अनुदान कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागी दिईने आवेदन–पत्र

श्रीमान प्रमुख ज्यू,
सियारी गाउपालिका को कार्यालय
हर्नैया,रूपन्देही ।

विषय: ....... प्रतिशत अनुदानमा ............. कार्यक्रम उपलव्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी................................................कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सियारी गाउपालिका भित्र रही कार्य गर्नेछु ।

पुनश्च: तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

तपसिल

अनुसुची ६

दफा ६ खण्ड ख संग सम्वन्धित

## प्रस्ताव मुल्यांकन फाराम

| क्र.सं. | मुल्यांकनका आधारहरू | भार ( प्रतिसत) | प्राप्तांक |
|---|---|---|---|
| १ | आवेदक सम्वन्धि | | |
| १.१ | संस्थाको उमेर | १० | |
| १.१.१. | ३ वर्ष भन्दा घटी | २ | |
| १.१.२ | ३ देखी ५ वर्ष | ४ | |
| १.१.३ | ६ देखी ८ वर्ष | ६ | |
| १.१.४ | ९ देखी ११ वर्ष | ८ | |
| १.१.५ | १२ वर्ष भन्दा बढि | १० | |
| १.२ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पुर्वाधारको अवस्था | १५ | |
| १.२.१ | सडक सुविधा भएको | २ | |
| १.२.२ | पक्कि सडक भएको | २ | |
| १.२.३ | विजुलीको सुविधा भएको | २ | |
| १.२.४ | खानेपानी सुविधा भएको | २ | |
| १.२.५ | जग्गाको स्वामित्व आफनै भएको | २ | |
| १.२.६ | आफ्नै स्वामित्व भवन,सवारी साधन,यन्त्र उपकरण भएको | ५ | |
| १.३ | प्राविधिक दक्षता/सम्वन्धित विषयको तालिम | १० | |
| १.३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १.३.२ | ७ देखी १५ दिने अवधिको तालिम | ४ | |
| १.३.३ | १६ देखी ३० दिने अवधिको तालिम | ६ | |
| १.३.४ | १ देखी ३ महिना अवधिको तालिम | ८ | |
| १.३.५ | ३ महिना भन्दा बढि अवधिको तालिम | १० | |
| १.४ | वित्तिय क्षमता | ४ | |
| १.४.१ | साझेदारीको प्रतिवद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकायवाट पनि साझेदारी हुने प्रतिवद्धता भएको | २ | |
| १.५ | प्रत्यक्ष लाभान्वित संख्या | ५ | |
| १.५.१ | ५ जना सम्म | १ | |
| १.५.२ | ६ देखी १० जना | २ | |
| १.५.३ | ११ देखी १५ जना | ३ | |
| १.५.४ | १६ देखी २० जना | ४ | |

ध्यानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| १.५.५ | २१ जना भन्दा बढि | ५ | |
| १.६ | **अप्रत्यक्ष लाभान्वित संख्या** | १० | |
| १.६.१ | ५० जना सम्म | २ | |
| १.६.२ | ५१ देखी १०० जना सम्म | ४ | |
| १.६.३ | १०१ देखी १५० जना सम्म | ६ | |
| १.६.४ | १५१ देखी २०० जना सम्म | ८ | |
| १.६.५ | २०१ जना भन्दा बढि | १० | |
| १.७ | **वातावरणिय उपयुक्तता** | ६ | |
| १.७.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| १.७.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरू सामेल गरिएको | ३ | |
| १.८ | **अन्य पक्षहरू** | १५ | |
| १.८.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| १.८.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल विचको तादम्यता | ५ | |
| १.८.३ | थप रोजगारी श्रृजना संख्या | ५ | |
| १.९ | **स्विकृत कार्यविधिका अनुसारका थप आधारहरू** | २५ | |
| १.९.१ | आवेदक संस्थाको किसीम र सुचना मुताविक सम्वन्धित कार्यालयको प्राथमिकता मेल खाने | ५ | |
| १.९.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| १.९.२.१ | प्राविधिक प्रस्ताव गुणस्तर | २.५ | |
| १.९.२.२ | आर्थिक प्रस्ताव गुणस्तर | २.५ | |
| १.९.३ | व्यवसायिक कार्ययोजनाको स्पस्टता | ५ | |
| १.९.३.१ | गाउपालिकाको फर्म्याट | ३ | |
| १.९.३.२ | कार्ययोजनाको विवरण | २ | |
| १.९.४ | मुनाफा र समविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ५ | |
| १.९.५ | पेश भएका विवरणहरूको विश्वसनियता | ५ | |
| १.९.५.१ | वडा कार्यालयको सिफारीस | १ | |
| १.९.५.२ | आधिकारीक निकायमा दर्ता नविकरण | २ | |
| १.९.५.३ | कर चुक्ताको प्रमाण | २ | |
| | जम्मा | १०० | |

## अनुसुची ७

दफा ६ खण्ड ग संग सम्वन्धित

### स्थलगत प्रमाणिकरण मुल्यांकन फाराम

**क) सामान्य जानकारी**

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्रम संचालन स्थलको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिती :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण :

थनेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

ख) आवेदकको मुल्यांकन

| क्र.सं. | विवरण | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्तांक |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न पर्याप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ/छैन | | |
| १.४ | वाढी पहिरो ले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो,पानी,विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २ | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रम संग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्वन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | **वित्तिय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवस्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | वैंक मौज्दात वा हाल संचालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | **वातावरणिय उपयुक्तता** | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानिय बासिन्दाबाट बिरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| ५ | **अन्य पक्ष** | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयासिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/कर चुक्ता/अडिट आदी | | |

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| | अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| ६ | **स्थलगत प्रमाणिकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | | |
| | **जम्मा** | १०० | |

नोट : माथी उल्लेखित प्रत्यक बुदाको स्थलगत प्रमाणिकरणमा सकरात्मक अवस्था भेटिए ५ अंक र नकरात्मक अवस्था भेटिए ० अंक प्रदान गर्ने । उत्तिर्ण हुनका लागी न्युनतम ४० अंक प्राप्त गर्नुपर्नेछ ।

ग) आवेदक संग विद्यमान भवन, सवारी साधन, ठुला मेशिनरी र उपकरणहरूको विवरण

| क्र.सं. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

ङ) स्थलगत प्रमाणिकरणमा टोलीको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरूको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुदैन भनी राय पेश गर्ने ।

| क्र.सं. | नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

दफा ७ खण्ड क संग सम्वन्धित

........ अनुदानमा संचालन हुने कार्यक्रमको द्विपक्षिय सम्झौता पत्र

सियारी गाउपालिका, गाउ कार्यपालिकाको कार्यालय, हर्नैया,रूपन्देहीको आर्थिक वर्ष ..........को स्विकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा....................कार्यक्रम संचालन गर्न श्री सियारी गाउपालिका,गाउ कार्यपालिकाको कार्यालय,हर्नैया,रूपन्देही(यस पछि प्रथम पक्ष भनिने) र श्री ...........................................................(यस पछि दोश्रो पक्ष भनिने) विच तपसिल बमोजिमका शर्तहरू परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

तपसिल

१. दोश्रो पक्षले प्रस्तावमा प्रस्ताव गरे बमोजिमको कार्यक्रम यसै आर्थिक वर्षको दोश्रो चौमासिक अवधि भित्र सम्पन्न गर्नेछ ।

२. कार्यक्रम संचालनका लागी आवश्यक खरिद कार्य, ढुवानी र संचालन आदीको व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

३. दोश्रो पक्षले प्रस्तावमा प्रस्तावित कार्य सम्पन्न गरि सकेपछि नियमानुसारको विल,कार्य सम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

४.प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

५.दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखीत बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

६. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत संभार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरू तथा अप्रत्यासित रूपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

७. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

८. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

९. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको सामान खरिद गर्नुपुर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पुर्ण कार्यहरू उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

| | |
|---|---|
| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| हस्ताक्षर | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

**रोहवर**

| | |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

इति सम्वत .............साल..........महिन............गते रोज........शुभम्

## अनुसुची ९

### दफा ६ खण्ड ङ संग सम्वन्धित

### गाउपालिका कृषि विकास कार्यदलमा रहने पदाधिकारीहरू

| | |
|---|---|
| अध्यक्ष, गाउपालिका | संयोजक |
| उपाध्यक्ष, गाउपालिका | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत, गाउपालिका | सदस्य |
| प्रमुख आर्थिक विकास समिती | सदस्य |

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

शाखा प्रमुख, कृषि शाखा — सदस्य

शाखा प्रमुख, महिला तथा वालवालिका — सदस्य

अध्यक्ष, गाउपालिकामा कृषि सहकारी मध्ये बाट १ जना — सदस्य

व्यवसायिक कृषक मध्ये बाट १ जना — सदस्य

शाखा प्रमुख,कृषि विकास — सदस्य

जम्मा : — ९ जना

प्रमाणिकरण मिति : २०८०/११/३०

थानिश्वर घिमिरे
गाउपालिका अध्यक्ष